परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ११ २०८१ कार्तिक ४ आईतवार Sunday 20, OCT 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## मालपोत कार्यालय रंगेलीको कर्मचारीले ढाँडसेक्ने गरी रकम असुली गरेको आरोप




विराटनगर । मालपोत कार्यालय रंगेलीका कर्मचारीहरुले काम छिटो गरी दिन्छु भन्दै ढाँड सेक्नेगरी रकम माग्ने गरेको सेवाग्राहीहरुले आरोप लगाएका छन् ।

रंगेली नगरपालिकाका तुलसी प्रसाद खरेलले जग्गा पास गराउन मालपोत कार्यालय रंगेली पुगेपछि सेवाग्राहीसँग कर्मचारीले रकम माग्ने तरिका देखेर आशचर्य चकित भएका थिए ।

खरेललाई चाडै काठमाण्डौं जानुपर्ने भएकोले सोको फाईदा उठाउँदै कर्मचारीहरुले ढाँड सेक्नेगरी जग्गा पास गराउन रकम माग गरेको वहाँले आरोप लगाएको छ । वहाँसँग कर्मचारीले जग्गा पास गरी पुर्जा समेत वनाउनका लागि २५ सय माग गरेको वताए ।

मालपोत कार्यालयमा जग्गा सम्बन्धी कुनै पनि काम गराउन जाँदा सेवा ग्राहीसंग घुस नलिइकन कामै अगाडी बढ्दैन खरेलले वताए । वहाँका अनुसार मोठ भिडाउनु छ भने २ सय, जग्गा धनी पुर्जा वनाउन ५ सय, कित्ताकाट गर्न नापी फाटमा जाँदा प्रति कित्ता २ सयको दरले, रोक्का भिडाउँदा २ सय, रोक्का जग्गा फुकुवा गराउन ५ सय जग्गा नामसारी, जग्गा एकिकरण ५ हजार, फिल्डबुक प्रतिलिपी लिन २ सय, छुट जग्गा दर्ता गर्न जग्गा क्षेत्रफल र मूल्याकनको आधारमा सेवाग्राहीसँग घुस लिने गरेको खरेलको भनाई छ ।

मालपोत कार्यालयमा काम गराउन आएका सेवा ग्राहीले आफ्नो काम आफै गरेमा कर्मचारीले कागज पुगेन, सिफारिस ल्याउनु पऱ्यो, लगायतको झण्झट देखाएर आलटाल गर्ने अनि सेवा ग्राहीले छिटो काम गरिदिनु पऱ्यो मिलाएर भनेपछि कति दिने र कति लिनेवाट कुरा सुरु हुन्छ । केही रकम उपलब्ध गराएपछि कर्मचारीले काम चाडै सकिदिने गरेको सेवाग्राहीहरुले वताए ।

लेखापढी कानुन व्यवसायीहरु मार्फत काम गराएमा उनीहरु मार्फत नै गैरकानुनी रकम असुल गर्ने गरिन्छ । रकम नदिए जग्गा सम्वन्धि कुनै पनि काम गर्न महिनौ लगाई दिन्छन् । अनि वाध्य भएर सेवा ग्राहीले सरकारी दस्तुर वाहेकको रकम दिन वाध्य हुने गरेको सेवाग्राहीहरुले आरोप लगाएका छन् ।

मालपोत कार्यालय रंगेलीका मुद्दा फाँटका प्रमुख अर्जुन घिमिरे, लेखापढी व्यवसायी लोकनाथ निरौलासहितले सरकारी कागजपत्र किर्ते गरेको मुद्दामा अदालतबाट पक्राउ पूर्जी समेत जारी भएको थियो । पटक पटक यस्ता कारवाही र मुद्दाहरु चलेपनि घुस लिने प्रवृति नहटेको जग्गा सम्वन्धि काम गराउन

वांकी अन्तिम पेजमा...

## प्रतिबन्धित लागु औषध सहित १७ जना पक्राउ

विराटनगर । मोरङ, झापा, सुनसरी, भोजपुर, धनकुट्टा र उदयपुरबाट लागुऔषध ब्राउन सुगर, प्रतिबन्धित औषधी र गाँजा सहित १७ जनालाई प्रहरीले नियन्त्रणमा लिईएको छ ।

कार्तिक २ गते दिउँसो मोरङको उर्लाबारी नगरपालिका-६ स्थितमा इलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले प्रतिबन्धित औषधी ट्रामाडोल र स्पासपेन २ हजार १० क्याप्सुल सहित उर्लाबारी-६ का ३० बर्षीय प्रकाश बि.क. र ५१ बर्षीय काजीमान सार्कीलाई पक्राउ गरेको थियो ।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय उदयपुरले त्रियुगा नगरपालिका-१२ का २० बर्षीय रुपन लिम्बु, २८ बर्षीय असिम राई, ३६ बर्षीय संजिव थापा र त्रियुगा नगरपालिका-१३ का ३५ बर्षीय मलिन थापालाई प्रतिबन्धित औषधी स्पास्मो ५० क्याप्सुल र १५० ग्राम गाँजा सहित पक्राउ गरेको थियो ।

झापाको भद्रपुर नगर पालिका-३ स्थितमा प्रहरी चौकी मेचीपारी झापाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा हल्दिबारी गाउँपालिका-२का २५ बर्षीय बिष्णु राजवंशीलाई १ ग्राम ९५० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

झापा, सुनसरी, भोजपुर र धनकुटाबाट लागुऔषध ब्राउन सुगर सहित १० जनालाई प्रहरीले नियन्त्रणमा लिईएको थियो । कार्तिक १ गते दिउँसो सुनसरीको कोशी गाउँपालिका-१ स्थितमा इलाका प्रहरी कार्यालय लौकही र लागुऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी

वांकी अन्तिम पेजमा...

## दिपावलीको अवसरमा प्रथम हुकाहुकी

**राजेश कुमार राजवंशी**

विराटनगर । विराट राजवंशी युवा समितिले दिपावली (सुकरात) पर्वको पूर्व सन्धयामा सार्वजनिक रुपमा प्रथम हुकाहुकी पर्व मनाएका छन् ।

विराटनगर महानगरपालिका वडा नं. १२ स्थित विराट समुदायिक भवनमा भएको कार्यक्रमलाई प्रमुख अतिथि कोशी प्रदेश सभा सदस्य भिम पराजुलीले हुकाहुकीमा दियो बालेर समुद्घाटन गरेका थिए । हुकाहुकी कार्यक्रमलाई सम्वोधन गर्दै प्रमुख अतिथि पराजुलीले भने विराट राजवंशी कोशी प्रदेशमा पहिलो जातिको रूपमा रहेको छ । हामी राजवंशीहरु संगै हुर्केको हुनाले राजवंशीहरुको धर्म संस्कृति कला र भेष भुषालाइ संरक्षण गर्नु हामी सबैको दायित्व भएको वताए ।

राजवंशी समाज उत्थान समितिका उपाध्यक्ष प्रदीप विश्वस राजवंशीले सुकरात पर्वमा हामी लक्ष्मी पुजाको दिन विहानै माटो र गोबरले आङ्गन घर लिपी साझ परेपछि गाई गोरू र भैंसीलाई कट्ठामा पान र सुपारी लिएर निम्तो दिइन्छ । सन्ठी र दभारीले बेरिएर बनाएको ४ वा ५ फिट लाम्चो हुकाहुकी घरमा रहेको कुल देवीदेवता झाप, काकड नेपुर, पाँच देवती लौली, हनुमान ठाकुर भएको ठाउँमा दियो बालेर हुकाहुकीमा आगो लगाएर हुकाहुकी खेल्न घरवाट निस्किन्छ । घरबाट निस्किदा भन्ने गरिन्छ 'दुःख दरिद्र बहार हुअ, बहारके लक्ष्मी घर आब' भन्दै चौरीमा गएर हुकाहुकी खेल्ने गरिन्छ ।

हुकाहुकी खेल्ने क्रममा हुका रे हुकि चिम फुकी, और बौर हमर खेतीमे बाठे चौर, हका डका हमर खेतीमे छुछे टका भन्दै हुका हुकि आधी जलि सके पछी एउटै ठाउँमा भेला पारी आगोलाई नाघे पछि शरीर भित्रको रोग व्याधी

वांकी अन्तिम पेजमा...

वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

राम पोखरेल (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ८ को कार्यालय

हार्दिक मंगलमय
शुभकामना

२०८१ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
य शुभकामना व्यक्त ग

सहमती बचत तथा ऋण सहकारी संस्था लि.
परिवार, प्रगती विनायक टोल
विराटनगर-८

हार्दिक मंगलमय
शुभकामना

२०८१ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
य शुभकामना व्यक्त ग

स्वास्थ्य र शान्तीका लागि वातावरण नेपाल
परिवार, प्रधान कार्यालय
विराटनगर-१०

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## मालपोत...

आएका धनकुटा साँगुरीगरी-१० का चन्द्र राईले वताए ।

यता मालपोत कार्यालय रंगेलीका प्रमुख सुनिल पौड्ेलसंग यस विषयमा जिज्ञासा राख्दा उहाँले पैसाको कुरा जहाँपनि आउँछ, समयमा सेवाग्राही आफै् चनाखो हुनुपर्छ, सरकारी सेवा शुल्क वाहेक कुनै पनि रकम माग गरेमा त्यस्तो उजुरी आएमा रकम माग गर्ने कर्मचारीलाई कारवाही गर्ने वताए ।

मलोपत कार्यालय रंगेलीमा दैनिक २० देखि २५ वटा लिखित पास हुन्छ भने सयौ सेवाग्राही अन्य कामको लाग आउने गरेका छन् ।

## दिपावलीको...

निको हुने धार्मिक विश्वास रहेको छ । जलेर बाकी रहेको हुकाहुकी अन्तिममा विभिन्न फलफूलहरुको नाम लिएर रोप्ने गरेको विश्वास राजवंशीले वताए ।

राजवंशी समाज उत्थान समिति अध्यक्ष भुनेस्वर मण्डले विराट राजवंशीले चामलको पिठो बनाइ बगिया बनाइ चामलकै काचो पिठो बाट कनिया दुलाह बनाइ अघनी धानको खेतीमा हुकाहुकीमा आगो बालेर खेतको चारै तिर खल्ने गरिन्छ । धानमा किरा फटयांग्रा नलाग्ने धार्मिक विस्वास रहेको वताए ।

राजवंशी समाज उत्थान समिति जिल्ला अध्यक्ष काशिराम राजवंशी, विराट राजवंशी शिक्षक कर्मचारी अध्यक्ष चन्द्र नारायण राजवंशी, केन्द्रिय सदस्य सिधु लाल राजवंशी कटहरी गाउँपालि वडा नं. १ का वडा अध्यक्ष हरि नारायण राजवंशी केन्द्रिय सचिव बानेश्वर राजवंशी केन्द्रिय कोषाध्यक्ष मायाराम राजवंशी लगायतले शुभकामना मन्तव्य रराखेका थिए ।

प्रथम हुका हुकि कार्यक्रममा संस्कृतिलाई जोगाउनका निम्ति भकतिया मंडलीलाई सम्मान गर्दै विराट राजवंशी युवा समिति अध्यक्ष विक्रम राजवंशीले आफ्नो संस्कृति जोगाउनको निम्ति हुकाहुकीलाई संरक्षण गर्नुपर्ने भन्दै प्रथम हुकाहुकी कार्यक्रम गरिएको थियो ।

## प्रतिबन्धित...

टोलीले ५ ग्राम ९२० मिलिग्राम ब्राउन सुगर सहित बेचबिखनमा संलग्न सप्तरी राजवीराजका १९ बर्षीय रोहित कुमार मण्डल, ईटहरीका ३६ बर्षीय अग्रदिप चौधरी र ३० बर्षीय नरेश चौधरीलाई पक्राउ गरेको थियो ।

त्यसैगरी प्रहरी चौकी हिले धनकुटाले धनकुटा नगरपालिका-१ बाट पैदल यात्री स्थानीय २५ बर्षीय फुर्वा तामाङ, २७ बर्षीय छितेन तामाङ, २७ बर्षीय सोनाम तामाङ र महालक्ष्मी नगरपालिका-९ का २८ बर्षीय मनोज भण्डारीलाई १८ ग्राम ५०० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

भोजपुरको अरुण गाउँपालिका -६ जरायोटार स्थितमा बा. ३ ख २५४९ नम्बरको बसलाई प्रहरी चौकी जरायोटारबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भोजपुर नगरपालिका-९ का २५ बर्षीय अमुल राईलाई ३ ग्राम ६१० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको हो भने लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा झापाको प्रहरी टोलीले दमक नगरपालिका-५ का ३५ बर्षीय रुपेन्द्र भण्डारी र ३४ बर्षीय नारायण बहादुर बस्नेतलाई २ ग्राम ब्राउन सुगर सहित मेचीनगर नगरपालिका-६ बाट पक्राउ गरेको थियो ।

पक्राउ परेका उनिहरुको सम्बन्धमा सम्बन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भईरहेको छ ।

**NO SMOKING**

# विदेशबाट फर्केर धनपालथानका युवाहरु गाउँमै सामुहिक च्याउखेती तर्फ आकर्षित

विराटनगर । मोरङको धनपालथान गाउँपालिकाका-१ नौचा टोल र वडा नं. ६ दादर वैरीया टोलकाका युवाहरु विदेशबाट फर्केर गाउँमै सामूहिक च्याउखेती गरी राम्रो आम्दानी गर्न थालेका छन् ।

विदेशमा वर्षौ वसेर मोरङको धनपालथान गाउँपालिकाका -१ नौचा टोल र वडा नं. ६ दादरवैरीया टोलका युवाहरु च्याउखेति विगत ७ वर्षदेखि गर्दै आएका छन् । उनीहरुका लागि च्याउखेति अहिले आम्दनीको राम्रो श्रोत बनेको छ ।

उनीहरुले गरेको च्याउखेति अन्य युवाहरुका लागि पनि स्वदेश मै कमाउन सकिने प्रेरणा बनेको छ । विदेशमा अनेको याचना खप्दै वर्षको ५ देखि ६ लाख रुपैयाँ कमाउने युवाहरु अहिले स्वदेशमा नै वर्षको त्यो भन्दा डब्ल रुपैयाँ कमाउँदै आएका छन् । ६ हजार सिलिण्डरमा लगाएको च्याउ दैनिक १ सय ३५ किलो सम्म उत्पादन हुने गरेको यूवा कृषक संजय मण्डलको भनाई छ ।

उहाँले इभरेष्ट च्याउ फर्म सञ्चालन गरी गाउँका अन्य ५ जना यूवाहरुलाई रोजगारी समेत दिएका छन् । त्यती मात्र होइन ९ जनाको परिवारको वर्षभरीको घरखर्च र स-साना बालबालिकाहरुको शिक्षा, स्वास्थ्यलगायतको खर्च च्याउखेतीले धानेको छ । कृषक मण्डल जस्तै धनपालथान-६ का कपील राजवंशी पनि च्याउ खेतिबाट परिवारको वर्षभरीको घरखर्च धानेको छ । स्वदेशमा नै च्याउदेखेतिबाट राम्रो आम्दानी हुन थालेपछि सुरुमा १ लाख रुपैयाँ पुंजी लगाएर च्याउखेती गरेको थिए । अहिले वर्षको ७ देखि ८ लाख रुपैयाँ सम्म आम्दानी हुनेगरेको उहाँको भनाई छ । कृषि क्षेत्रमा आगाडी बढने युवाहरुका लागि समयमा विऊ, मलखाद र सिँचाइको व्यवस्था स्थानीय सरकारले गरी दिए अझ आन्दानी बढ्ने राजवंशीका भनाई छ ।

च्याउखेति गरेर नै आफ्ना ६ जनाको परिवारको वर्षभरीको घरखर्च र स-साना बालबालिकाहरुको शिक्षा, स्वास्थ्यलगायतको खर्च च्याउखेतीले धानेको अर्की च्याउकृषक सुनिता राजवंशीको भनाई छ ।

धनपालथान गाउँपालिका का प्रायजसो युवाहरु विदेश पलायन हुने गरेको थियो । तर अहिले धनपालथानका अधिकांश युवाहरु कृषि पेशा तर्फ केन्द्रीत भएका छन् । उनीहरुले उत्पादन गरेको च्याउ विराटनगरको गुद्री बजारमा प्रति किलो १ सय रुपैयाँका दरले थोक विक्रेतालाई विक्रि गर्दैआएका छन् ।

उपभोक्ताले त्यही च्याउ प्रति किलो २ सय रुपैयाँले खरिद गर्छन् । च्याउखेती बैशाख र जेष्ठ महिना हावाहुरीका कारण त्यती प्रभावकारी नभएपनि अन्य बेला भने च्याउखेति कृषकहरुका लागि आमदानीको राम्रो स्रोत बनेको छ ।

च्याउको बिउ प्राय काठमाण्डौं र भारतबाट कृषकहरुले ल्यउने गरेका छन् । तर्स्थ धनपालथानका युवाहरु जस्तै अन्य पालिकाहरुले पनि युवाहरुलाई कृषि क्षेत्रमा अगाडी बढाउने खालको योजना आवश्यक देखिन्छ ।

**ट्राफिक नियमको पालना गरौं ।**
**सडक सुशासन कायम गरौं ।।**

## चाडपर्व मनाउँदा समाजिक सद्भाव कायम गरौं

- चाडपर्वमा अनावश्यक तडक-भडक नगरौं ।
- जुवातास नखेलौ र मधयपान नगरौ
- धार्मिक सांस्कृतिक मुल्य मान्यता र परम्परा जोगाऔं,
- चाडपर्वलाई सामाजिक सहिष्णुता र मेलमिलापको अवसरको रुपमा प्रयोग गरौं
- आफ्नो जस्तै अरुको धार्मिक सांस्कृतिक रितिरिवाजको सम्मान गरौं,
- चाडपर्व एकआपसमा मिलि हर्षोउल्लासका साथ मनाऔं ।

**नेपाल सरकार, विज्ञापन बोर्ड**

## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**सुर्य नारायण महतो (वडा अध्यक्ष)**
**विराटनगर महानगरपालिका वडा नं. १४ को कार्यालय**

हार्दिक मंगलमय
# शुभकामना
२०८१ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
स्वास्तिक आयल इन्ड्रष्ट्रिज प्रा.लि.
परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८१ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
अनुपम राठनी (अध्यक्ष)
मोरंग उद्योग व्यापार संघ
परिवार, विराटनगर

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# महँगीलाई नियन्त्रण गर

नेपालीहरुको महान चाडपर्व वडा दशै, तिहार र छठ पर्वको वेलामा बजारमा महँगी अकाशिएको छ । खाद्यान्न लगायत हरिया साँग सब्जी समेतको मुल्य अकाशिएपछि अहिले आम उपभोक्ता ममारमा परेका छन् । चाडपर्वकै वेला विक्रेताले कम असल सामग्री समेत मिसावट गरी बेच्ने गरेको पाइएको छ । कम असल समान विक्री गर्ने पसल संचालक र बजारमा महँगी सृजना गर्ने व्यापारीलाई कारवाहीको दायरामा ल्याउन सम्वन्धित निकायले चाँसो दिएको पाईदैन । जसका कारण कमअसल खाद्यान्न सामग्री विक्री वितरण हुनुका साथै बजार मुल्यमा भारी वृद्धि भएको छ ।

दशै, तिहार र छलको वेला नयाँ लुगाफाटा किन्न प्रचलन चिल अएको छ । यही मौका पारेर मिठो मिठो पकवान वनाउनका लागि खाद्यान्न् किन्नु पर्ने बाध्यता हुन्छ । यही वेलामा बजारमा महँगी अकाशिएको हुन्छ । खाद्यान्नमा दाल, चामल, आलु, प्याज, फलफूल लगायतको भाव तीन गुणाले अकाशिएको छ । किनमेल बढी हुने मौका छोपेर कतिपय व्यापारी र व्यवसायीलेहरुले कृत्रिम मुल्य वृद्धि गरेको हुन्छ ।

बजार अनुगमन गर्ने स्थानीय तह, जिल्ला प्रशासन कार्यालय लगायत बजार अनुगमन गर्ने निकायमा पनि जनशक्तिका अभावले हजारौ पसलहरु अनुगमन सम्भव समेत नहुने भएको ले बजार अनुगमन प्रणालीमै विकास र सुधारको आवश्यकता छ । बजारको प्रत्यक्ष, अप्रत्यक्ष अनुगमन राज्यका निकायहरूबाट भई कृत्रिम मुल्य वृद्धि गर्ने र कम असल खाद्यान्न सामग्री विकरी वितरण गर्ने व्यपारीलाई कडा कारवाही गरे मात्र समस्याको समाधान हुने छ अन्यथा व्यपारी मोटाउने उपभोक्ता दुब्लाउने काम चलिरहन्छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोर ञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# कोशी प्रदेश सरकारले २०८१ को लागि ल्याएको न्युनतम साझा कार्यक्रम

पूर्णपाठ

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएकोनौ वर्ष पूरा भई मुलुक दशौं वर्षमा भर्खरै प्रवेश गरेको छ ।२०७२आश्विन ३ गते नेपालको संविधानजारी हुनु भन्दा अघि मुलुकको समग्र परिवर्तनको लागि आफ्नो ज्यान उत्सर्ग गर्नुहुने सवै महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत सुदृढीकरण,मुलुकको सार्वभौमसत्ता र राष्ट्रिय स्वाभिमानको रक्षा, अर्थतन्त्रमा व्यापक सुधार तथा विस्तार, सामाजिक न्यायको स्थापना सहित भौतिक पूर्वाधारको विकास,लोकतान्त्रिक मुल्यमान्यताको उच्चतम विकास प्रादेशिक संरचना तथा प्रदेश सरकारको प्रभावकारिता मा व्यापक वृद्धि गर्ने उद्देश्यका साथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेसको सहकार्यमा आगामि २०८४ सालसम्म निरन्तर औचित्यपूर्ण, प्रभावकारी र इमानदारीपूर्व जनचाहानालाई सम्बोधन गर्न कोशी प्रदेश सरकार संचालनका लागि दृढ संकल्प एवम प्रतिवद्धता व्यक्त गर्दै दुवै दलको तर्फबाटयोन्यूनतम साझा कार्यक्रम सार्वजनिक गरिएको छ ।

नीतिहरू

१. नेपालको संविधान, संघीय कानुन एवम् प्रादेशिक कानूनलाई विधिको शासनको मान्यता र सिद्धान्त बमोजिम कुशलतापूर्वक कार्यान्वयन गर्ने ।

२. प्रदेशभित्र रहेका विविध जाति, भाषा, संस्कृति,धर्म र परम्पराको संरक्षण, प्रवर्दनर विकासलाई प्राथमिकताका साथ अघि बढाइने ।

३. प्रदेशको स्थायी भौतिक संरचना निर्माणलाई प्राथमिकतामा राखी प्रदेश सरकारका सबै मन्त्रालय, निकाय र विभाग एवम् प्रदेशसभा समेतका कामकारवाहीलाई एउटै क्षेत्रबाट सुचारू गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाउने ।

४. प्राकृतिक तथा मानव सृजित विपदबाट हुनसक्ने क्षतिको रोकथाम र क्षति भएका संरचनाको मर्मत सम्भार तथा पून:निर्माण गर्न दीर्घकालीन प्रकृतिको एक कोष स्थापना गरी व्यवस्थित ढंगले कोषको संचालन गर्ने ।

५. प्राकृतिक विपत्तिमा उद्दार, राहत निर्माण पुन: निर्माण मर्मत तथा सम्भार जस्ता उत्पन्न हुने परिस्थिति देखिएमा वा त्यस्तो परिस्थितिबाट धनजन र भौतिक पूर्वाधारको क्षतिको व्यवस्थापनका लागि प्रदेश सरकार चालु आर्थिक वर्षको कतिपयपूँजीगत कार्यक्रमको स्थगन र चालु खर्चमा कटौती गरी त्यसबाट प्राप्त हुने रकमलाई विपद भौतिक पूर्वाधार निर्माण तथा पुन: निर्माण कोषमा प्रदेश सरकारको तर्फबाट निकासा गरी विपदबाट भएका क्षतिको निर्माण तथा पुन: निर्माण कार्यलाई अघि बढाईनेछ।

६. जनउत्तरदायी, पारदर्शी, मितव्ययी, सुशासन मैत्री, भ्रष्टाचार मुक्त प्रदेश सरकार संचालनका लागि निर्माण भएका ऐन कानूनमा समयानुकुल आवश्यक संशोधन गर्ने प्रकृयालाई थप व्यवस्थित ढंगले अघि बढाइने ।

७. प्रादेशिक संरचनालाई जनतासँगको सोझो सम्पर्क सम्बन्धको माध्यमको रूपमा विकास गरी यसकोप्रभावकारितामा वृद्धि गर्न थप कानूनी एवम् संरचनागत क्षेत्रमा आवश्यक कार्यलाई सुदृढ गरिने ।

८. प्रदेशको आर्थिक विकासका क्षेत्रहरू पर्यटन, कृषि, वनवातावरण, ऊर्जा र उद्योग लगायतलाई थप विकसित गरी रोजगारीको सृजना गर्न,आन्तरिक तथा राष्ट्रिय आयमा वृद्धि गर्न, लगानीमैत्री वातावरण निर्माण गरी लागानी सम्मेलनको आयोजना गर्नुकासाथै अन्य प्रवर्द्धनात्मक क्रियाकलापलाई तिब्रताका साथ अगाडि बढाइने ।

९. प्रदेश सरकार मार्फत गरिने खर्च प्रणालीलाई थप प्रभावकारी बनाउदैं चालु खर्चमा मितव्ययिता अपनाई पूँजीगत खर्चमा क्रमश: वृद्धि गर्दै लगिने ।

१०. तीनै तहका सरकार बीचको अन्तरसम्बन्ध र सहकार्यको प्रणालीलाई थप व्यवस्थित र उन्नत बनाइदै लगिने ।

११. नेपालको संविधानले निर्दिष्ट गरेको लक्ष्य र उद्देश्यमा आधारित कार्य प्रणालीलाई थप उन्नत बनाइने ।

१२. प्रदेशले यस अघिनै घोषणा गरेको "स्वच्छ,सुखी र समुन्नत प्रदेश" निर्माणको उद्देश्यलाई सार्थक निष्कर्षमा पुर्यावउनर थप आवश्यक कानूनी तथा संरचनागत प्रणालीको विकास गरिने ।

१३. प्रदेशको योजना छनौट र योजना संचालन प्रकृयामा प्रदेश सभाका माननीय सदस्यहरूको भूमिकालाई संस्थागत गरी स्थानीय तहका जनप्रतिनिधिको भूमिकालाईव्यवस्थित गरिने।

१४. सन् २०३० सम्म मुलुकले हासिल गर्नुपर्ने दिगो विकास लक्ष्यका सूचाङ्कहरूलाई व्यवहारमा रुपान्तरण गर्न आवश्यक व्यवस्था मिलाइने ।

१५. राष्ट्रको तीन खम्बे नीतिअनुरूप सरकारी, निजी र सहकारी क्षेत्रको सम्बन्ध र तिनको परिचालनलाई थप व्यवस्थित प्रभावकारी र उन्नत बनाइने ।

उपरोक्त मुख्यमुख्य नीतिको धरातलमा टेकेर आगामी दिनमा देहाय बमोजिमकोन्यूनतम साझा कार्यक्रम तय गरी सोही कार्यक्रमलाई आधारमानी प्रदेश सरकारले प्राथमिकता सहित न्यूनतम साझा कार्यक्रम घोषणा गरिएको छ ।

१. सुशासन, पारदर्शिता र जवाफदेहिता

क. प्रदेश सरकारको सेवाको संचालनलाई थप उत्तरदयायी र जवाफदेही बनाउन नविनतम प्रविधि सहितको सेवा प्रणाली विकास गरिनेछ ।

ख. प्रदेश सरकारको सेवामा अनियमितता, भ्रष्टचारहुन नदिन थप प्रभावकारी कानूनी एवम् संरचनागत प्रणाली लागू गर्नुका साथै पुरस्कार र दण्डका व्यवस्थालाई थप व्यवस्थित गरिनेछ ।

ग. प्रदेशको सार्वजनिक सेवामा जनप्रतिनिधि र सर्व साधारण नागरिकको निगरानीको पहुँच पुग्ने किसिमको विधि अबलम्बन गरिनेछ ।

घ. प्रदेशको जनप्रतिनिधी मूलक सर्वोच्च संस्था प्रदेश सभाको काम कारवाहीलाई आगामी दिनमा थप उत्तरदायी, जवाफदेही र प्रभावकारी ढंगले अघि बढाइनेछ ।

ङ. प्रदेश सरकारले हालै संचालनमा ल्याएको "हेल्लो सी.एम. (HELLO CM)" कार्यक्रमलाई निरन्तरता दिंदै थप प्रभावकारी बनाउँदै लगिनेछ ।

च. प्रदेश सरकारबाट संचालन गरिने आयोजना तथा कार्यक्रमहरू अझ बढी प्रभावकारी हुन सकुन भन्ने उद्देश्यले सार्वजानिक सुनुवाई (एग्धीक्ष्कॄ ज्भ्व्क्ष्ल्न) को नीतिलाई कार्यन्वयनमा लगिनेछ ।

छ. कम साधन र श्रोतको परीचालनबाट अधिकतम उपलब्धी हासिल हुने गरी कार्यक्रम तथा योजनाको स्वीकृति तथा कार्यन्वयन मा लगिनेछ ।

ज. सुशासनको प्रत्याभूतिलाई थप सु-व्यवस्थित बनिसकेका कानूनलाई आवश्यक संशोधन र अन्य नयाँ आवश्यक कानून निर्माणलाई प्रदेशसभाको आगामी अधिवेशनबाट नै गति दिइनेछ।

झ. जनप्रतिनिधी तथा राष्ट सेवक कर्मचारीले पालना गर्नुपर्ने आचारसंहितालाई कडाईका साथ लागू गरिनेछ ।

२. आर्थिक विकास

क. परियोजना बैंक थप व्यवस्थित गर्दै बैंकको प्रणालीमा प्रविष्ट भएका कार्यक्रम तथा आयोजनालाई प्राथमिकीकरण गरी कार्यन्वयनमा लगिनेछ ।

ख. सरकारी, निजी र सहकारी क्षेत्रले प्रदेशको पूर्वाधार तथाआर्थिक-सामाजिक विकासमा ठोसएवम् सार्थक योगदान दिन सकोस् भन्ने उद्देश्यले चालु आ.व. मा लगानी सम्मेलनकोआयोजना गर्ने र सम्मेलन पछि लगानीमैत्री वातावरण तयार गर्ने कार्यलाई निरन्तरता दिईने गरी आयोजना गरिनेछजसबाट प्रदेशको विकासमा निजी तथा सहकारी क्षेत्रको समेत सहभागितामा बढोत्तरी हुनेछ ।

ग. स्वदेशी तथा विदेशी लगानीकर्तालाई प्रदेशका विभिन्न आयोजनाका लागि सहकार्य गर्ने वातावरण निर्माण गरिनेछ ।

घ. प्रदेश र देशकै राष्ट्रिय पूँजीको विकासमा थप योगदान पुर्या उन तथा पर्यटकीय क्षेत्रको विकास र विस्तार गर्नपर्यटन वर्षको आयोजना गरिनेछ।यसबाट प्राप्त हुने उपलब्धीलाई सुरक्षित गर्दै थप उपलब्धी हासिल गर्न आवश्यक नीतिगत, कार्यगत र संरचनागत विकासलाई निरन्तर अघि बढाईनेछ ।

ङ. प्रदेश सरकारबाट संचालन गरिने योजना तथा कार्यक्रमलाई प्रदेशको आयवृद्धिसँग अन्तर सम्बन्धित बनाउन आवश्यक नीति बनाई कार्यन्वयन गरिनेछ ।

च. प्रदेश सरकारको आन्तरिक आयलाई वृद्धि गर्दै आत्मनिर्भर बन्ने नीति अनुरूप राजस्व चुहावटमा नियन्त्रण गरी राजस्वको दायरालाई फराकिलो बनाउँदै लगिनेछ ।

छ. संवैधानिक र कानूनी व्यवस्थाबाटप्राप्त अधिकार क्षेत्रभित्र रहेर राजस्वका थप क्षेत्रको पहिचान गर्ने र त्यसलाई प्रादेशिक आयमा वृदि गर्ने कार्यलाई योजनावद्ध ढंगले अघि बढाइनेछ ।

ज. भौतिक पूर्वाधार, कृषि, पर्यटन रऊर्जा लगायतका क्षेत्रको विकासमा निजी क्षेत्रको सहभागिता मा प्रतिफल युक्त आयोजनाहरुको विकासगरी तिनको कार्यन्वयनमा जोड दिइनेछ ।

झ. प्रदेशको राजस्व प्रणालीलाई उन्नत र ब्यवस्थित बनाउन थप प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

३. भौतिक पूर्वाधार तथा वन पर्यटन

क. प्रदेश सरकारले चालु आ.व. बाटै प्रादेशिक महत्वका महत्वपूर्ण भौतिक पूर्वाधारसँग सम्बन्धित आयोजनाबाट प्रत्यक्ष लाभ प्राप्त हुने नीतिअनुरुप कार्यान्वयनमा लगिनेछ ।

ख. पूर्वाधार विकाससँग सम्बन्धित कार्यक्रम तथा आयोजना बाट पर्यटकीय विकासमा योगदान पुग्न सकोस भन्ने नीति अवलम्वन गरिनेछ ।

ग. महत्वपूर्ण भौतिक पूर्वाधारसँग सम्बन्धित आयोजनाहरू संचालन गर्दा संघीय सरकार र स्थानीय सरकारसँगको साझेदारीबाट प्रतिफल प्राप्त हुने ढंगले अगाडि बढ्ने नीति अवलम्बन गरिनेछ ।

घ. पर्यटन क्षेत्रको विकासबाट मित्र राष्ट्र भारत, चीन, भुटान, बंगलादेश र अन्य विदेशी मुलुकबाट थप पर्यटक प्रदेश र मुलुकभित्र आउन सक्ने गरी भौतिक पूर्वाधार लगायतका अन्य कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ र त्यसका लागि मित्र राष्ट्रका मुख्य-मुख्य शहरहरुमा टुरिजम-शो (त्यगचष्क्ष क्जयध) जस्ता कार्यक्रम तय गरी अघि बढाईनेछ ।

ङ. प्रदेशभित्र संचालनमा रहेका र भविष्यमा संचालन हुने सम्भावित होमस्टेको विकास र विस्तार गरी स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्न विशेष योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

च. खुर्कोट-चतरा, तुम्लिङटार-चतरा र ताप्लेजुङको तमोर दोभान-चतरा जल यातायातको सम्भाव्यता अध्ययन गरी प्रचलित कानून बमोजिम अघि बढ्न पहल गरिनेछ ।

छ. विदेशी पर्यटक प्रदेशभित्र आउँदा उनीहरूको आवतजावत, सुरक्षा लगायत अन्य सुविधालाई झन्झटमुक्त, पर्यटनमैत्री, सहज र सुलभ बनाउनआवश्यक कार्यको थालनी गरिएकोछ र यसलाई थप प्रभावकारी ढंगले अगाडि बढाइनेछ ।

ज. प्रदेशभित्र सयौंको संख्यामा रहेका पर्यटनसँग सम्बन्धित क्षेत्रहरुको विकास र विस्तारका लागि सम्बन्धित उपभोक्ता समूह,वनउपभोक्ता समूह, स्थानीय सरकार समेतको साझेदारीमा कार्यक्रम संचालन गर्ने नीति लिइनेछ।

झ. प्रदेशभित्र रहेका सूचीकृत तथा स्थानीय प्राकृतिक एवम् धार्मिक पर्यटकीयस्थल केन्द्रित नीति तथा कार्ययोजना निर्माण गरी आन्तरिक तथा वाह्य पर्यटकहरूलाई आकर्षण गर्ने विशेष कार्यक्रम संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

ञ. विराटनगर र भद्रपुर विमानस्थलको स्तरोन्नती गर्दै

वांकी ५ पेजमा...

# सञ्चारकर्मी सञ्चार सहकारीद्धरा पाँच सञ्चारकर्मी सम्मानित

राजेश कुमार राजवंशी

विराटनगर, कार्तिक २ गते । सञ्चारकर्मी सञ्चार सहकारी संस्था लिमिटेड विराटनगरको १३ औं साधारण सभाको अवसरमा ५ जना सञ्चारकर्मीहरु सम्मानित भएका छन् ।



साधारण सभाका प्रमुख अतिथी राष्ट्रिय सहकारी महासंघ लिमिटेडका बरिष्ठ उपाध्यक्ष रमेश पोखरेलले उत्कृष्ट वचत कर्ता सम्मानबाट चिरञ्जीवी तिम्सिना (सुमन सुस्केरा) र उषा सरदार, असल ऋणीबाट श्याम सुन्दर सुतिहार र प्रल्हाद गुरागाँइ, अग्रज शेयर सदस्यबाट शिवबहादुर कार्कीलाई फूलमाला लागाएर दोसल्ला ओढाई सम्मानपत्र बाट सम्मानति गरेका थिए । कार्की अनुपस्थित रहेका थिए ।

प्रमुख अतिथि पोखरेले भने सञ्चारकर्मी सहकारीलाई प्रदेश, संघ र अन्तराष्ट्रिय संगठनसंग जोड्नु पर्ने भन्दै साचै सञ्चारकर्मीहरुले सहकारीलाई चलाउने हो भने आ-आफ्नो रकम सहकारीमा राख्ने र त्यहीवाट कारोवार गरेमा यो सहकारी करोडौमा कारोवार गर्न सक्छ । केही सिमित सहकारीवाट बचत कर्ताहरु पिडित भएका छन् । तीनीहरुलाई कारवाही हुन्छ । बचत कर्ताले आफ्नो बचत फिर्ता पाउनेमा ढुक्क हुन आग्रह गरेका थिए । सञ्चारकर्मी सञ्चार सहकारीलाई अगाढी बढाउन सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए ।

सञ्चारकर्मी साथीहरु मिलेर सानो पूँजीबाट सुरु गरेको सहकारीको शेयर पूँजी आ.व. ०८०/०८१ सम्म २४ लाख ३५ हजार ८ सय रहेको छ भने पूँजी तथा दायित्व १ करोड ७ लाख ८ हजार १ सय ५७ रुपियाँ ९० पुगेको छ । २०८१ असारसम्म महिला १६ जना र पुरुष १०२ जना समेत गरी ११८ जना शेयर सदस्य रहेका छन् ।

आहवान गर्दछौं ।आर्थिक वर्ष २०८०/०८१ म १६ लाख ७५ हजार ३ सय ५५ रुपिया ८१ पैसा आम्दानी भएको छ भने कूल खर्च रु.७ लाख २९ हजार ४ सय ७ रुपियाँ ७६ पैसा भएको छ । ऋण लगानी ७१ लख ६ हजार ८ सय १५ रुपियाँ २० पैसा र निक्षेप रु.४० लाख २२ हजार ५ सय ६ रुपियाँ ५५ पैसा भएको छ । आर्थिक वर्ष ०८१ असार मसान्तसम्म बैंक मौज्दात ३४ लाख २५ हजार ९५ रुपियाँ २९पैसा र नगद मौज्दात ६४ हजार ७ सय ८ रुपियाँ ११ पैसा गरी जम्मा मौज्दात ३४ लाख ८९ हजार ८ सय ७६ रुपियाँ २९ रहेको छ । संस्थाले यस आर्थिक वर्ष ०८०/०८१ मा १३ प्रतिशत लाभांश वितरण गर्ने निर्णय गरेको छ ।

प्रदेश सहकारी संघका अध्यक्ष डिल्ली पोखरेल, बहुउद्देश्यीय सहकारी संघ मोरङका अध्यक्ष माधव अधिकारी, पत्रकार महासंघ मोरङ कार्यवहाक अध्यक्ष तारा आचार्यले श्याम सुन्दर सुतिहारले शुभकामना मन्तव्य राखेका थिए । सो साधारण सभा संस्थाका अध्यक्ष दिपक कुमार दाहालको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# तास खेल्दै गरेको अवस्थामा १२ जना पक्राउ

विराटनगर । झापाको शिवसतक्षी नगरपालिका-९ दुधे स्थितबाट जुवा तास खेल्दै गरेको अवस्थामा १२ जनाको समुहलाई प्रहरीले पक्राउ गरेको छ ।

असोज २८ गते सोमवार बेलुका शिवसताक्षी-९ स्थित रहेको सगरमाथा होटलमा जुवा जन्य तास खेलिरहेको छ भन्ने बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय दमक र इलाका प्रहरी कार्यालय झिलझिलेबाट खटिएको प्रहरी टोली होटलको तेश्रो तल्लामा तास खेली रहेको अवस्थामा होटल संचालक सहित १२ जनालाई पक्राउ गरिएको थियो ।

पक्राउ पर्नेमा ३९ बर्षीय बिनोद खरेल, शिवसताक्षी-९ का २० बर्षीय सौगात मैनाली, ४१ बर्षीय खगेन्द्र उप्रेती, ४१ बर्षीय दिनेश बाराकोटी, ३७ बर्षीय भिम बहादुर भण्डारी, ३९ बर्षीय प्रकाश लिम्बु, ४७ बर्षीय दिपक तामाङ, शिवसताक्षी- ६ का ४२ बर्षीय नविन तिम्सिना, ५० बर्षीय मिलन भण्डारी, शिवसताक्षी-११ का ३२ बर्षीय नरेन्द्र बिश्वकर्मा, ३६ बर्षीय लोक बहादुर बिश्वकर्मा र भारत कल्कत्ताका ४१ बर्षीय परिदोश पल रहेका छन् ।

पक्राउ परेका उनिहरुको साथबाट प्रहरीले एक बुक तास र नगद ५ लाख ४ हजार ३० रुपैंया बरामद गरेको छ । पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ ।

**ट्राफिक नियमको पालना गरौं । सडक सुशासन कायम गरौं ।।**

**हार्दिक मंगलमय शुभकामना**

२०८१ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**गाउँवासीको लागि जनहितमा जारी सूचना**

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| सुधिर साफी<br>प्रमुख प्रशासकीय अधिकृत | कुमारी बिभा यादव<br>उपाध्यक्ष | बेचन प्रसाद मेहता<br>अध्यक्ष |
|---|---|---|

देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी, कोशी प्रदेश, नेपाल

**हार्दिक मंगलमय शुभकामना**

२०८१ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**गाउँवासीको लागि जनहितमा जारी सूचना**

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| दिल बहादुर खड्का<br>प्रमुख प्रशासकीय अधिकृत | अनिता कुमारी साह<br>उपाध्यक्ष | आश नारायण चौधरी<br>अध्यक्ष |
|---|---|---|

गढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी, कोशी प्रदेश, नेपाल

**हार्दिक मंगलमय शुभकामना**

२०८१ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**गाउँवासीको लागि जनहितमा जारी सूचना**

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| रोहणी आचार्य<br>प्रमुख प्रशासकीय अधिकृत | रिमझिम कुमारी भगत<br>उपाध्यक्ष | गफार अन्सारी मियाँ<br>अध्यक्ष |
|---|---|---|

हरिनगरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी, कोशी प्रदेश, नेपाल

**हार्दिक मंगलमय शुभकामना**

२०८१ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**गाउँवासीको लागि जनहितमा जारी सूचना**

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| श्री अजय कुमार चौधरी<br>प्रमुख प्रशासकीय अधिकृत | श्री नितु कुमार चौधरी<br>उपाध्यक्ष | श्री जीबछ कुमार राय<br>अध्यक्ष |
|---|---|---|

बर्जु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी, कोशी प्रदेश, नेपाल

# काउली खानुका फाईदा र खाने विधी

काउली खानु क्यान्सरबाट बच्ने एउटा उत्तम उपाय हो । काउली खानाले क्यान्सरका कोषहरू बनेका छन् भने पनि त्यसलाई बृद्धि हुन नदिई त्यहीँ निष्कृय पार्छ । यसमा पाइने 'ग्लुकोसिनोलेट' र 'सल्फोराफेन'ले क्यान्सर लाग्न सक्ने तन्तुहरूलाई हटाउन महत्वपूर्ण भूमिका खेल्छन् । यसमा पाइने अन्य तत्वले डीएनएको मर्मत गरी क्यान्सर रोग लगाउने कोषहरू बढ्नबाट रोक्छ ।



काउलीले फोक्सो, स्तन, आन्द्रा, डिम्वाशय र मुत्रथैलीको क्यान्सरबाट बचाउन पनि मद्दत गर्दछ। फ्रेड हचिन्सन क्यासर रिर्सच सेन्टरमा भएको अध्ययनले काउलीजस्ता हरियो सागपातको दैनिक प्रयोगले प्रोस्टेट क्यान्सर हुने सम्भावना लगभग आधा घटाउँछ ।

अध्ययन अनुसार काउलीमा 'इन्डोल-३-कार्विनोल' र योभन्दा सशक्त 'डाइ-इन्डोमिथेन' नामक रसायनहरू हुन्छन् जसले क्यान्सरसँग लड्न र क्यान्सरका कोषको वृद्धि हुन रोक लगाउँछ ।

जति धेरै काउली आफ्नो खानामा भयो उति नै राम्रो। एक अध्ययनले त हप्तामा धेरै काउलीको खपत गर्ने महिलाको स्तन क्यान्सर हुने सम्भावना ७२ प्रतिशतले कम देखाएको छ ।

खाने विधि

काउलीलाई सुरुमा राम्रसँग पाखाल्नुपर्छ। दुई घण्टाजति सफा पानीमा डुबाउने र त्यसपछि मात्र खानका लागि तयार गर्न सकिन्छ ।

अध्ययनहरूले के देखाएका छन् भने, काउलीलाई धेरै पकाएमा यसमा पाइने क्यान्सर विरुद्ध लड्ने तत्वहरू नाश हुने सम्भावना रहन्छ। विज्ञहरू यसलाई काँचै खान सल्लाह दिन्छन्। विज्ञहरुको सुझाव छ, 'काउलीलाई एउटा नुनपानी भएको भाँडामा करिब चार घन्टा जति डुबाउने र चिसो पानीले मज्जाले पखालेर खाने ।'

यसलाई लेदो बनाएर पनि अन्य विभिन्न परिकारको मिश्रण गरेर खान सकिन्छ। साथै सलादका रूपमा यसको प्रयोग धेरै नै उत्तम हुन्छ ।

काउलीलाई काटेर नुनको पर्याप्त मात्रा मिलाई मजाले थिचेर बोतलमा राख्दा यसबाट निस्केको रसले विस्तारै अमिलोपना विकास गर्छ ।

चारदेखि सात दिनभित्र यसरी राखिएको काउली खानका लागि उपयुक्त हुन्छ। यसरी राखिएको काउलीमा क्यान्सर विरुद्ध लड्ने रसायनहरूको राम्रो विकास हुन्छ र शरीरलाई फाइदा गर्छ ।

अन्य फाइदा

काउलीले हड्डी दह्रो बनाउन पनि मद्दत गर्छ। एलर्जी हुने सम्भावना कम गर्छ र पाचन प्रणालीलाई राम्रो बनाउँछ। यसले मुटुमा लाग्ने रोगहरूबाट बच्न पनि त्यत्ति नै मद्दत गर्दछ ।

काउली भिटामिन 'के' र 'सी'को मुख्य स्रोत हो। एक बटुका काउली मात्र खपत गर्दा शरीरलाई चाहिने ९१ प्रतिशत भिटामिन 'के' र ५० प्रतिशत भिटामिन 'सी' उपलब्ध हुन्छ। साथै, काउलीबाट राम्रो मात्रामा रेसा र शरीरलाई चहिने अन्य महत्वपूर्ण तत्वहरू पनि पाइन्छ । एजेन्सीको सहयोगमा

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

# प्रहरी पराक्रम पुरस्कारबाट वरिष्ठ नायव निरीक्षक पुरस्कृत

विराटनगर । एक लाख धनराशीको दशौ "साधनादेवी प्रहरी पराक्रम पुरस्कार" कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगर प्रदेश अनुसन्धान समूहमा कार्यरत प्रहरी वरिष्ठ नायव निरीक्षक गोपाल थापा मगरलाई प्रदान गरिएको छ ।

बि.पी. कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरानका प्रोफेसर डाक्टर बिक्रम प्रसाद श्रेष्ठको ममतामयी स्वर्गीय आमा साधना देवी श्रेष्ठको नामबाट दिईने "साधाना देवी उत्कृष्ट प्रहरी पुरस्कार" कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्कीले प्रहरी वरिष्ठ नायव निरीक्षक गोपाल थापा मगरलाई प्रदान गर्नु भएको हो ।

कोशी प्रदेश अन्तरगत बर्ष भरीमा उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीहरु मध्येबाट छनौट भएका थापा मगरलाई ६९ औ प्रहरी दिवसका अवसरमा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले पुरस्कृत गरेको छ ।

आम नागरिकहरुलाई सुरक्षाको अनुभूति हुने गरी नागरिक समक्ष प्रहरीको छवि उच्च बनाउनुको साथै सर्वसाधारणमा शान्ति सुरक्षाको अनुभूति अभिवृद्धि गर्ने तर्फ प्रशंसनीय कार्य गरेकोले कामको उच्च मूल्याकन गर्दै प्रदेश प्रहरी कार्यालय बिराटनगरले वहाँहरुलाई पुरस्कृत गरेको छ ।

पुरस्कृत हुने प्रहरी वरिष्ठ नायव निरीक्षकले आफूबाट सम्पादित कार्यहरुको मुल्यांकन गर्दै उत्कृष्ट प्रहरीको रुपमा आफुलाई छनौट गरेकोमा संगठनले आफूलाई ठुलो सम्मान गरेको र यसले अझ बढी जिम्मेवार भएर आफ्नो दायित्व निर्वाह गर्न प्रेरणा मिलेको बताएका छन् ।




**हार्दिक मंगलमय शुभकामना**

२०८१ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**गाउँवासीको लागि जनहितमा जारी सूचना**

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

मनोज कुमार साह, प्रमुख प्रशासकीय अधिकृत
सिता देवी राजवंशी, उपाध्यक्ष
देवराज चौधरी, अध्यक्ष

कटहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग, कोशी प्रदेश, नेपाल

**हार्दिक मंगलमय शुभकामना**

२०८१ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**गाउँवासीको लागि जनहितमा जारी सूचना**

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

विनोद कुमार भण्डारी, प्रमुख प्रशासकीय अधिकृत
हन्ना सोरेन, उपाध्यक्ष
जितेन्द्र प्रसाद साह, अध्यक्ष

जहदा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल

**हार्दिक मंगलमय शुभकामना**

२०८१ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**गाउँवासीको लागि जनहितमा जारी सूचना**

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

मनोज कुमार ठाकुर, प्रमुख प्रशासकीय अधिकृत
नसिमा बानो, उपाध्यक्ष
जिवछ प्रसाद गछदार, अध्यक्ष

धनपालथान गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल

**हार्दिक मंगलमय शुभकामना**

२०८१ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**गाउँवासीको लागि जनहितमा जारी सूचना**

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

रामराज पौडेल, प्रमुख प्रशासकीय अधिकृत
गुणावती देवी थारु, का.वा.अध्यक्ष

ग्रामथानगाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल

# कोशी प्रदेश...

अन्तरप्रदेश उडान र कोशी प्रदेशका पहाडी क्षेत्रका उडान व्यवस्थित गर्नुका साथै माउण्टेन फ्लाईटकोलागि संघीय सरकारसँग सार्थक पहल गरिनेछ ।

ट. कोशी प्रदेशमा विदेशी पर्यटकको आकर्षणका लागि क्यासिनोहरुको विकास गर्ने नीतिलाई क्रमश: कार्यान्वयन गरिनेछ ।

ठ. वनक्षेत्रको दिगो संरक्षण र वहुआयामिक उपयोगमार्फत वातावरण संरक्षणलाई थप प्रभावकारी बनाउनका साथै उपलब्ध घाँस, काठ, दाउरार जडाबुटीको उपलब्धतालाई थप व्यवस्थित गर्ने नीति तथा कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

ड. बाँझो रखाली जमिनको उपयोगको नीति अबलम्बन गरी छिटो प्रतिफल दिने खेतीप्रणाली, वृक्षारोपणका माध्यमबाटरोजगारी सृजना हुने तथा आयमूलक कार्यक्रम संचालन गरीगरिविनिवारणमा सार्थक योगदान पुर्या उन आवश्यक पहल गरिनेछ ।

ढ. बाढी, पहिरो र भू-क्षय जस्ता सम्भावित प्राकृतिक संकट न्यूनिकरण गर्न उपयोगी वृक्षारोपण सम्बन्धी कार्ययोजनाबनाई कार्यान्वयन गर्ने ।

ण. प्रदेशका प्रत्येक नागरिकलाई शुद्ध खानेपानीको अधिकारलाई सुनिश्चित गरिनेछस-साना खानेपानी आयोजनाको समायोजनको नीति अवलम्वनगरिनेछ, स-साना सिंचाईहरुको वहुआयामिक प्रयोगबाट अधिक्तम सिचांई सुविधा उपलब्ध गराउने नीतिलाई कार्यान्वयन गरिनेछ ।

त. हाल आएको बाढी, पहिरो, डुवानका कारण व्यापक भौतिक संरचनामा क्षति भएको छ र यसलाई तत्काल मर्मत संभार तथा दीर्घकालिन हिसाबले निर्माण र पुन:निर्माण गर्ने र भविष्यमा आइपर्ने त्यस्ता संकटको समाधान गर्न रणनीतिक कार्ययोजना बनाई समाधान गर्ने नीति लिईनेछ।

४. उद्योग, कृषि तथा सहकारी

क. साना तथा मझौला उद्योग संचालन गर्ने उद्योगीहरुलाई लक्षित गरी स्थानीय तहसँगको सहकार्यमा साना तथा मझौता औद्योगिक ग्रामको स्थापना गरी संचालन गर्ने कार्यक्रमलाई अगाडि बढाइनेछ ।

ख. कोशी प्रदेशमा उद्योग स्थापना गर्न चहाना राख्ने उद्योगीहरु लाई उद्योग स्थापना गरी संचालन गर्न सहजीकरण गर्नका साथै आवश्यक नीतिगत र कानूनी व्यवस्था गरी कार्यान्वयन गरिनेछ।

ग. कृषि क्षेत्रको विकासका लागि प्रदेश सरकारले संचालन गर्दै आइरहेका विभिन्न कार्यक्रमलाई समयानुकूल परिमार्जन गरिनेछ ।

घ. कृषि क्षेत्र खास गरी निर्वाहमुखी कृषिमा दिईदै आएको अनुदानको सट्टा आधुनिकिकरण र व्यवसायीकरणलाई प्रोत्साहित गर्दै कृषि क्षेत्रमा थप रोजगारी सिर्जना हुन सकोस् र राष्ट्रिय आयमा थप योगदान पुग्न सकोस् भन्ने उद्देश्यले व्याज अनुदानको कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र परिणाममुखी ढंगलेकार्यान्वयन गरिनेछ ।

ङ. कोशी प्रदेशमा रहेका जैविक, प्राकृतिक, स्थानीय रैथाने बाली, फलफूल, तरकारी, मासु आदि क्षेत्रको व्यवसायिकरण र आधुनिकिकरणका माध्यमबाट उत्पादन, भण्डारण तथा बजारीकरणका लागि थप नविनतम कार्ययोजनालाई कार्यान्वयन गरिनेछर खास गरी अलैची, अदुवा, बेसार, सुपारी र अम्लिसो लगायतका अन्य नगदेबालीको प्रवर्द्धनमा जोड दिइनेछ ।

च. प्रदेशभरी कार्यक्षेत्र भएका सहकारीहरुको नियमन प्रणालीको अहिलेको अवस्थाबाट समयानुकूल सुधार गरी अनुगमन तथा नियमन प्रकृयालाई चुस्त दुरुस्त बनाईनेछ ।

छ. राष्ट्रिय आय एवम् नागरिकको आयमा वृद्धि गर्न व्यवस्थित ढङ्गले गाँजा खेती उत्पादन गर्न तथा स्थानीयस्तरमा उत्पादन हुने रक्सीको ब्रान्डिङ गरी ती दुवै वस्तुलाई मान्यता दिलाउन संघीय सरकारसँग समन्वयात्मक पहल र प्रयत्न गर्ने ।

ज. कृषि, उद्योग र पर्यटन क्षेत्रको विकासमा टेवा पुग्ने गरी स्थापना भएका वहुउद्देश्य सहकारी संस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

५. शिक्षा, स्वास्थ्य तथा सामाजिक विकास

क. माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको क्षेत्राधिकार अन्तर्गत पर्दछ तर पनि प्रदेश भित्रको शैक्षिक अवस्थाको सहजीकरण र गुणस्तर वृद्धिका निम्ति प्रदेश सरकारले पनि आफ्नो भूमिका बढाउने नै छ।यसका लागि विद्यालय शिक्षालाई उत्पादनसँग जोड्न आवश्यक नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ।

ख. विद्यालय नर्सिङ्ग कार्यक्रम लाई थप प्रभावकारी बनाउँदै अन्य कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ ।

ग. सामुदायिकविद्यालयहरुको जीर्ण भौतिक पूर्वधारलाई उन्नत बनाउदै आवश्यक थप सेवा विस्तार गर्दै लग्ने नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

घ. मनमोहन प्रविधिक विश्वविद्यालयको कार्यक्षेत्र अन्तर्गत शैक्षिक कार्यक्रम विस्तार गरी सस्तो र सुलभ प्रविधिक उच्चशिक्षा प्रदानगर्ने नीतिलाई प्रभावकारी बनाउँदै लगिनेछ।

ङ. जिल्ला अस्पतालहरुमा आवश्यक विशेषज्ञ थप जनशक्तिको व्यवस्था गरी अस्पतालबाट प्राप्त हुने सेवालाई गुणस्तरीय बनाउँदै लगिनेछ, मेची प्रदेशिक अस्पताल, भद्रपुर र प्रादेशिक आयुर्वेद अस्पताललाई मेडिकल तथा प्यारामेडिक विधाका शैक्षिक कार्यक्रम संचालन गर्ने गरी सम्भायता अध्यायन गरिनेछ र सो सम्भाव्यता अध्ययन प्रतिवेदनलाई आधारमानी आवश्यकता अनुसार कार्य गरिनेछ, शैलेजा आचार्य हृदय रोग केन्द्र, विराटनगरलाई नयाँ ढाँचामा व्यवस्थित ढंगले संचालन गर्ने नीति लिइनेछ ।

च. महिला स्वास्थ्य स्वयंसेविका बाट सर्वसाधारण नागरिकले प्राप्त गरिरहेको सेवा सुविधालाई थप प्रभावकारी बनाउन उनीहरुको दक्षता अभिवृद्दि गर्ने र उनीहरुले पाउने सुविधालाई थप गर्दै लगिने नीति लिईनेछ ।

छ. गर्भवती तथा सुत्केरी महिला र दश वर्ष मुनिका बालबालिकाको उपचारलाई प्रभावकारी बनाउने र उपचारलाई नि:शुल्क गर्ने बिषयलाई विकेन्द्रित गर्दै सेवाको विस्तार गरिनेछ ।

ज. कडा रोग लागेका नागरिक लाई प्रदान गरिने सुविधालाई व्यवस्थित गर्दै कार्यान्वयनमा लगिनेछ ।

झ. प्रदेशभित्रको खेलकूदको विकासलाई थप प्रभावकारी बनाउँदै लैजान खेलकूद विकास वोर्डलाई अझ चुस्त दुरुस्त बनाई लगिनेछ साथै प्रदेशको आर्थिक सामर्थ्यले भ्याएसम्म त्यस्तैअन्य संरचनाहरुको क्रमश: विकास गर्दै लगिनेछ ।

ञ. खेलकूदका विभिन्न गतिविधी, कृयाकलाप तथा कार्यक्रमको प्रभावकारितालाई पर्यटन विकासमा समेत आवद्द गर्ने नीतिबनाई कार्यान्वयनमा लगिनेछ ।

ट. किशोर किशोरी तथा युवाहरुमा विकृतिको रुपमा देखिएको लागू औषध सेवन, मादक पदार्थ एवम् सूर्तीजन्य पदार्थको सेवन जस्ता गतिविधिलाई निरुत्साहित गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।

ठ. प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने निकायको स्थापना तथा संचालन गर्न थप अध्ययन गरी कार्यान्वयन गरिनेछ।

ड. जातिय, लैङ्गिक, धार्मिक, साँस्कृतिक वा अन्य सामाजिक विभेदजन्य क्रियाकलापलाई निरुत्साहित गर्न आवश्यक कानूनी तथा संरचनागत व्यवस्था गरी कार्यान्वयन गर्दै लगिनेछ ।

ढ. आर्थिक तथा सामाजिक क्षेत्रमा पछाडि परेको समुदाय तथा परिवारको न्यायोचित संरक्षण तथा सम्मानका लागि आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

ण. समग्र प्रादेशिक तथ्याङ्क प्रणालीलाई थप व्यवस्थित र प्रविधिमैत्री बनाउने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउनेछ ।

त. प्रदेश सरकार तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा नागरिकको सेवा सहज, सरल र सुलभ गर्नकालागि यातायात सेवा संचालन गर्ने कार्यलाई प्राथमिकता का साथ अगाडि बढाउने नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।




हार्दिक मंगलमय शुभकामना

२०८१ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

संजिब न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत
अमृता कुमारी गच्छदार, उपाध्यक्ष
जित नारायण थापा मगर, अध्यक्ष

बुढीगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मोरंग, कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८१ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

सुवास श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत
श्री मनमाया मगर, उपाध्यक्ष
श्री सुमन मिरिङचिङ, अध्यक्ष

केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८१ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

हिरा कुमारी यादव, प्रमुख प्रशासकीय अधिकृत
भोला प्रसाद अधिकारी, उपाध्यक्ष
राजमति इड्ङ्गनाम, अध्यक्ष

कानेपोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८१ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

तुलाराज थापा मगर, प्रमुख प्रशासकीय अधिकृत
दिनेश पौडेल, उपाध्यक्ष
बबि कुमार राई, अध्यक्ष

मिक्लाजुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मोरंग कोशी प्रदेश, नेपाल